# नेपाल राष्ट्र बैंक
# धनगढी कार्यालय
## <u>सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना</u>
## (प्रथम पटक प्रकाशित मिति २०७२/१०/२५)

नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयले ५ (पाँच) थान <u>Branded Desktop Computer</u> खरिद गर्नु पर्ने भएकोले ईच्छुक मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र प्राप्त गरेका र सरकारी/गैरसरकारी संस्थाको कालोसूचीमा नपरेका कम्पनी/फर्महरुले दरभाउपत्र फाराममा उल्लेखित शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. सिलबन्दी दरभाउपत्र फाराम सूचना प्रकाशित भएको मितिले १५ औं दिनको <u>(मिति २०७२/११/१० गते)</u> अपरान्ह ४:०० बजेभित्र नेपाल राष्ट्र बैंक धनगढी कार्यालय र नेपालगञ्ज कार्यालयबाट रु. ५००।- (पाँच सय मात्र) ना.नो.आ.हि फुटकर (२२०००००-०३०-००२-५२४) मा नगद जम्मा गरी खरिद गर्न सकिनेछ । सिलबन्दी दरभाउपत्र खरिद गरेको रकम फिर्ता हुने छैन ।

२. सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिन <u>(मिति २०७२/११/११ गते)</u> अपरान्ह २:०० बजेसम्म नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयमा पेश गरी सक्नु पर्नेछ ।

३. सूचना प्रकाशित भएको मितिले सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम दिन (१६ औं) को ३:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा (उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा नपर्ने) सिलबन्दी दरभाउपत्र खोलिने छ ।

४. सिलबन्दी दरभाउपत्र दर्ता गर्ने वा खोल्ने अन्तिम दिन बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन उपरोक्त बमोजिमको समयमा नै सिलबन्दी दरभाउपत्र फाराम बिक्री, दर्ता एवं खोल्ने कार्य गरिनेछ ।

५. सिलबन्दी दरभाउपत्र पेश गर्दा सम्बन्धित निकायहरुमा दर्ता भएको र नवीकरण गरेका प्रमाणपत्रहरुको प्रतिलिपि संलग्न गर्नु पर्नेछ ।

६. ५ थान Branded Desktop Computer को अधिकतम मूल्य रु. ४,५०,०००।- (मूल्य अभिवृद्धि कर सहित) रहेको छ । सिलबन्दी दरभाउपत्र पेश गर्दा बिडबण्ड बापत रकम रु.१४,०००।- (चौध हजार मात्र) यस बैंकको सण्ड्री क्रेडिटर्स पार्टी हिसाब (२२०९९९९/०११/०००/५२४) मा जम्मा गरेको सक्कल भौचर वा यस बैंकबाट इजाजत पत्र प्राप्त बैंक तथा वित्तीय संस्थाबाट जारी गरिएको कम्तीमा ७५ दिन मान्य अवधिको ग्यारेन्टी पत्र संलग्न गर्नुपर्ने छ ।

७. सिलबन्दी दरभाउपत्रको मान्य हुने अवधि ४५ (पैचालिस) दिनको हुनेछ ।

८. रीत नपुगेको वा म्यादभित्र प्राप्त नभएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन । सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम तथा सार्वजनिक खरीद ऐन, २०६३ र नेपाल राष्ट्र बैंक खरीद विनियमावली, २०७१ (प्रथम संशोधन २०७१ समेत मिलाइएको) बमोजिम हुनेछ ।

९. सिलबन्दी दरभाउपत्र स्वीकार/अस्वीकार वा आंशिक रुपमा स्वीकार गर्ने अधिकार नेपाल राष्ट्र बैंकलाई हुनेछ । यस सम्बन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक, धनगढीको आन्तरिक व्यवस्थापन फाँट/खरिद इकाई (फोन नं.०९१-५२७७०३) मा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

१०. यो सूचना नेपाल राष्ट्र बैंकको वेवसाइट **www.nrb.org.np** समेत हेर्न सकिनेछ ।

***नोटः- यो सूचना मिति २०७२/१०/२४ गते प्रकाशित हुनुपर्नेमा भुलवश मिति २०७२/१०/२३ गते प्रकाशित भएको हुँदा प्रकाशित सूचना खारेज गरिएको व्यहोरा समेत सबैलाई जानकारी गराईन्छ । साथै आज प्रकाशित सूचनालाई नै आधिकारिक मानिनेछ ।***